**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- सर्वोच्च न्यायालयले आज पश्चिम बंगालमा विशेष गहन पुनरीक्षणको क्रममा मतदाता सूचीबाट नामहरू हटाइएको विषयलाई चुनौती दिने याचिकालाई समयपूर्व भन्दै खारेज गरेको छ।

- पश्चिम बंगालमा विधानसभा चुनाव प्रचार जोरशोरका साथ चलिरहेको छ।विभिन्न दलका शीर्ष नेताहरुले मतदाताहरुलाई आकर्षित गर्न रैली र जनसभाहरु गरिरहेका छन् ।

- केन्द्रिय सांस्कृतिक तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज दार्जीलिङ स्थित गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङसँग भेटघाट गर्नु भयो।

- दार्जीलिङ अनि कालेबुङ जिल्लामा भयमुक्त र निष्पक्ष चुनाव सम्पन्न गर्न चुनाव आयोग अनि जिल्ला प्रशासनले विभिन्न पहल गरिरहेको दुवै जिल्लाका जिल्लापाल, पुलिस अधिक्षक अनि केन्द्रीय बलका उच्च अधिकारीहरूले जानकारी गराएका छन्।

- सुविख्यात पार्श्व गायिका आशा भोसलेको अंतिम संस्कार पूर्ण राजकीय सम्मानका साथ आज साँझ मुंबईमा गरियो।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल-मतदाता सूची**

सर्वोच्च न्यायालयले आज पश्चिम बंगालमा विशेष गहन पुनरीक्षणको क्रममा मतदाता सूचीबाट नामहरू हटाइएको विषयलाई चुनौती दिने याचिकालाई समयपूर्व भन्दै खारेज गरेको छ।न्यायमूर्ति सूर्यकांत कान्त र न्यायमूर्ति जयमाल्य बागचीको अध्यक्षतामा रहेको पीठले याचिकाकर्ताहरूलाई त्यस्ता गुनासोहरूको सुनुवाइ गर्न गठित नामित अपीलीय न्यायाधिकरणहरूसित सम्पर्क गर्न निर्देश दियो। **बाईट**
न्यायालयले भनेको छ लगभग 30 देखि 34 लाख अपीलहरू विचाराधीन छन्, जसमा प्रत्येक न्यायाधिकरणले एक लाख भन्दा बढी मामिलाको सुनुवाइ गरिरहेको छ। न्यायालयले उचित प्रक्रिया पालना गर्नुपर्नेमा जोड दिईएको छ।पीठले भनेको छ यस स्तरमा न्यायिक हस्तक्षेपले निर्वाचन प्रक्रियालाई बाधित गर्न सक्ने छ। न्यायालयले भनेको छ मतदानको अधिकार संवैधानिक र लोकतान्त्रिक सहभागिताको लागि महत्त्वपूर्ण छ, तर मतदाताहरु द्वारा ठूलो मात्रामा बहिष्कारले प्रक्रियालाई गम्भीर रूपमा प्रभावित नगरेसम्म चुनाव रोक्न सकिँदैन।यसैबीच, कलकत्ता उच्च न्यायालयको देखरेखमा गठित 19 वटा न्यायाधिकरणहरूले अपीलहरूको सुनुवाइ सुरु गरेका छन्। राज्यमा मतदान दुई चरण 23 र 29 अप्रैलमा हुनेछ र मतगणना 4 मईमा हुनेछ।

**सर्वोच्च न्यायालय-केंद्र**

सर्वोच्च न्यायालयले मतदान केन्द्रहरूमा फर्जी र धोखाधडीबाट हुने मतदान रोक्न फिंगरप्रिंट र आइरिस आधारित बायोमेट्रिक पहिचान प्रणाली लागू गर्न माग गरिएको याचिकामा केन्द्र सरकार र निर्वाचन आयोगलाई नोटिस जारी गरेको छ। मुख्य न्यायाधीश सूर्यकांतको अध्यक्षतामा रहेको पीठले हालको विधानसभा चुनावमा यो प्रस्ताव लागू गर्न नसकिने भए पनि संसदीय चुनाव सहित भविष्यका चुनावहरूको लागि यसको व्यवहार्यताको जाँच गर्न आवश्यक रहेको बताएको छ।अधिवक्ता अश्विनी कुमार उपाध्याय द्वारा दायर गरिएको याचिकामा बायोमेट्रिक सत्यापनले प्रतिरूपण, प्रोक्सी वोटिंग र चुनावी धोखाधडी जस्ता समस्याहरू हटाउन मद्दत गर्ने तर्क गरिएको थियो। सर्वोच्च न्यायालयले  भनेको छ यस्तो प्रणाली लागू गर्न पर्याप्त वित्तीय लगानीका साथै महत्वपूर्ण कानुनी तथा प्रक्रियात्मक परिवर्तनहरूको आवश्यकता हुनेछ।न्यायालयले सम्बन्धित अधिकारीहरूसित जवाफ मागेको छ र त्यसपछि मामिलाको सुनुवाइ हुनेछ।

**निर्वाचन आयोग- बंगाल**

निर्वाचन आयोगले विधानसभा चुनाव अघि पश्चिम बंगालमा तयारीको विस्तृत समीक्षा सुरु गरेको छ। उपनिर्वाचन आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा आयोगको उच्चस्तरीय टोली सोमबार तीन दिवसीय भ्रमणको लागि राज्य आइपुगेको छ। ज्ञानेश भारती दिउँसो १२ बजेर ३० मिनटमा पश्चिम बर्दवानको अण्डल विमानस्थलमा आइपुगेका आइपुग्नु भएको थियो, जहाँबाट उहाँ सडकबाट वीरभूमका लागि प्रस्थान गर्नु भयो। वीरभूममा, उहाँले निर्वाचन तयारी, कानून व्यवस्था र प्रशासनिक समन्वयको समीक्षा गर्न जिल्लाजालको कार्यालयमा बैठक गर्ने गर्नु भयो। यस अवधि उहाँले विधानसभा चुनावको समीक्षा गर्न विभिन्न जिल्लाहरूका जिल्लापाल अनि उच्च अधिकारीहरूसँग तयारीको समीक्षा गर्नु हुनेछ। आगामी दिनमा, टोलीले जलपाईगुडी, कुचबिहार, दार्जीलिङ र कालेबुङको  भ्रमण गर्नेछ। स्रोतका अनुसार, उत्तर बंगाल टोली तयारीको मूल्याङ्कन गर्न लगभग पाँच दिन राज्यमा रहनेछ।

**संशो पश्चिम बंगाल- चुनाव प्रचार**

पश्चिम बंगालमा विधानसभा चुनाव प्रचार जोरशोरका साथ चलिरहेको छ।विभिन्न दलका शीर्ष नेताहरुले मतदाताहरुलाई आकर्षित गर्न  रैली र जनसभाहरु गरिरहेका छन् । भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज वीरभूममा पार्टी उम्मेदवारहरूको समर्थनमा एक जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले तृणमूल कांग्रेसको कुशासनको कडा आलोचना गर्नुभयो।श्री शाहले भन्नुभयो सत्ताधारी दलका नेताहरू भ्रष्ट छन् र नगर निगम र शिक्षा भर्ती, रासन वितरण र प्रधानमन्त्री आवास योजना लगायत धेरै घोटालाहरूमा संलग्न छन्।उहाँले आरोप लगाउँदै भन्नुभयो केन्द्र सरकारले जल जीवन मिसनको लागि धनराशि उपलब्ध गराए पनि यसको लाभ राज्यका जनतासम्म पुग्न सकेको छैन।

उहाँले तृणमूल कांग्रेस सरकारले घुसपैठियाहरूलाई शरण दिएको आरोप पनि लगाउनुभयो। गृहमन्त्रीले राज्यकी मुख्यमन्त्री महिला भए पनि बंगालकी माता-दिदी-बहिनीहरूको सुरक्षा सुनिश्चित गर्न असफल भएको बताउनुभयो। यसैबीच, तृणमूल कांग्रेसकी प्रमुख तथा मुख्यमन्त्री ममता बनर्जीले सुरी (वीरभूम) मा एक जन सभामा भाजपाले CAA पछि NRC लागू गर्न प्रयास गरिरहेकोर आरोप लगाउनु भएको छ।उहाँले भाजपाले बंगालको इतिहास परिवर्तन गर्ने प्रयास गरिरहेको दाबी गर्नुभयो। उहाँले भाजपा सरकारसित विगत 12 वर्षमा सृजित नौकरीहरुको संख्याको तथ्याङ्क प्रकाशित गर्न माग गरेनुभएको छ।सीपीआई (एम)  र कांग्रेस उम्मेदवारहरूले पनि जनसभा र घर-घर गएअर प्रचार गरिरहेका छन्। कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीले भोलि राज्यमा प्रचार गर्नुहुनेछ। उहाँले उत्तर दिनाजपुरको रायगंज, माल्दाको चञ्चल र मुर्शिदाबादको समसेरगंजमा चुनावी ऱ्यालीहरू गर्नुहुनेछ।

**असदुद्दीन ओवैसी**

आसनसोलमा ऑल इंडिया मजलिस ए इत्तेहादुल मुस्लिमीन (एआईएमआईएम) का प्रमुख असदुद्दीन ओवैसीले भन्नुभयो कि पश्चिम बंगालका मुसलमानहरुलाई राजनीतिक रूपमा सशक्त बनाउनु उहाँका एकमात्र उद्देश्य हो। उहाँले भन्नुभयो बंगालमा एआईएमआईएम वंचितहरुको आवाज हो।

**शंकर मालाकार**

सिलीगुड़ीको माटीगाड़ा-नक्सलबाड़ी विधानसभा क्षेत्रबाट तृणमूल कांग्रेसका उम्मीदवार शंकर मालाकारले चिया बगान क्षेत्रहरुमा चुनाव प्रचार गर्नुभये। चिया श्रमिकोहरू माझ पुगेर उहाँले केन्द्र सरकारको कथित असहयोगको मुद्दा उठाउनुभयो।शंकर मालाकरले केन्द्र सरकारको बाधाहरुका कारण राज्यको 'चाय सुन्दरी' जस्ता योजनाहरूको लाभ श्रमिकहरूसम्म पुग्न नसकेको आरोप लगाउनुभयो।उहाँले यो पनि भन्नुभयो प्रधानमन्त्रीको प्रचारले उल्टो प्रभाव पार्नेछ र तृणमूलको भोट शेयर बढाउनेछ, किनकि यस सिटमा तृणमूलको कुनै मजबूत प्रतिद्वन्द्वी छैन।

**गजेन्द्र सिंह शेखावत- दार्जीलिङ**

केन्द्रिय सांस्कृतिक तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज दार्जीलिङ स्थित गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङसँग भेटघाट गर्नु भयो। यस क्रममा दार्जीलिङका सांसद राजु विष्ट लगायत पार्टीका अन्य नेतृत्वगणको उपस्थिति रहेको थियो। श्री शेखावतलाई गोरामुमो अध्यक्ष मन घिसिङ लगायत पार्टी प्रतिनिधिहरूले खदा तथा पुष्प गुच्छा प्रदान गर्दै स्वागत जनाएका थिए। भेटघाटको क्रममा दार्जीलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रको पर्यटन प्रवर्द्धन र सांस्कृतिक उत्थानका विषयमा विस्तृत तथा गहन छलफल गरेका गरेको जानकारी प्राप्त भएको छ । यसैक्रममा श्री शेखावतले आफ्नो राजनैतिक यात्राको क्रममा विद्यार्थी युनियनको नेतृत्व गर्दा गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङलाई आफ्नो आदर्श अनि उहाँबाट राजनैतिक ज्ञान लिने गरेको अनि आज उहाँको वासस्थानमा आउँदा आफू धन्य भएको बताउनु भयो। भेटघाट कार्यक्रमपछि श्री शेखावतले दार्जीलिङका सांसद राजु विष्टसँग चौरस्तामा भारतीय जनता पार्टीको संकल्प पत्र वितरण गर्नु हुँदै जनसाधारणसँग अन्तरक्रिया पनि गर्नु भयो भने भाजपा प्रार्थीहरूको पक्षमा चुनाव प्रचार पनि गर्नु भयो।

**दार्जीलिङ- पुलिस-जिल्लापाल**

दार्जीलिङ अनि कालेबुङ जिल्लामा भयमुक्त र निष्पक्ष चुनाव सम्पन्न गर्न चुनाव आयोग अनि जिल्ला प्रशासनले विभिन्न पहल गरिरहेको दुवै जिल्लाका जिल्लापाल, पुलिस अधिक्षक अनि केन्द्रीय बलका उच्च अधिकारीहरूले जानकारी गराएका छन्। आगामी 23 अप्रेलको दिन हुने विधानसभा चुनावलाई लिएर आज दार्जीलिङ जिल्लापाल आईएएस हरिशंकर पनिकर, पुलिस अधिक्षक आईपीएस प्रतिक्षा झारखरिया अनि केन्द्रीय बलका उच्चा अधिकारीले जनसाधारणलाई भयमुक्त अनि शान्तिपूर्ण ढंगमा मतदान गर्ने अह्वान गरेका छन्। आज दार्जीलिङमा एक पत्रकार सम्मेलन आयोजना गर्दै उनीहरूले दार्जीलिङ जिल्लामा हुने विधानसभा चुनावमा पहाड़को शान्ति शृंखलालाई यथावत राख्ने आह्वान गरेका छन्। उनीहरूले प्रशासन भयमुक्त, शान्ति श्रृंखला बनाइराख्न अनि कुनै प्रकारको छलकपट बिना चुनाव सम्पन्न गर्न कटिबद्ध रहेको बताएका छन्। उनीहरूले दार्जीलिङ जिल्लाभरि कुल 946 वटा बुथहरू रहेको बताउदै सम्पूर्ण बुथहरूमा केन्द्रीय बलको तैनाथी रहने साथै धेरैवटा बुथ परिसरमा केन्द्रीय बलले रूट मार्च पनि गरिरहेको बताएका छन्। यसका साथै पहाड़वासीले प्रत्येक चुनावलाई लोकतन्त्रको पर्वको रूपमा पालन गर्दै आईरहेको र यस वर्षको चुनावमा पनि यस्तै हुने कुरामा आफूहरू विश्वस्त रहेको पनि बताएका छन्। यसैबीच कालेबुङ जिल्लामा पनि भयमुक्त र निष्पक्ष चुनाव सम्पन्न गर्न चुनाव आयोग अनि जिल्ला प्रशासनले विभिन्न पहल गरिरहेको जिल्लापाल कुहुक भुषणले जानकारी गराउनु भएको छ। यसरी नै जिल्ला पुलिस अधिक्षक अपराजिता राईले जिल्ला पुलिसले चुनावलाई लक्षित गर्दै नाका चेकिङ लगायत अन्य पहल गरिरहेको बताउँदै पुलिस हेल्प लाइन नम्बर पनि सार्वजनिक गर्नु भएको छ। अर्कोतिर अर्धसैनिक बल पनि चुनाव अघि चुनाव अवधी अनि चुनाव पछि कुनै प्रकारको अपराधिक गतिविधि रोक्न सहयोग गरिने सरोज कुमारले बताउनु भएको छ।

**पहिलो बैशाख**

गोर्खा सांस्कृतिक संस्थान खरसाङले भोली 14 अप्रेलको दिन खरसाङमा भव्यताको साथमा पहिलो बैशाख उत्सव पालन गर्ने भएको छ। कार्यक्रमको प्रथम चरणमा खरसाङ रेलवे स्टेशनबाट विराट शोभा यात्रा आयोजना हुनेछ भने शोभायात्राले खरसाङको विभिन्न पथहरूको परिक्रमा गर्दै डब्ल्यू बी.एन.व्ही. मैदानमा समापन हुनेछ। शोभायात्रामा खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरूका पदाधिकारीगण लगायत सदस्य सदस्याहरूको उपस्थिति रहने जानकारी प्राप्त भएको छ। यसरी नै कार्यक्रमको दोस्रो चरणमा नवोदित कलाकारहरूद्वारा सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू, समाज लगायत विभिन्न क्षेत्रमा कार्य गरिरहेका विशेष व्यक्तिहरूलाई सम्बर्द्धना गरिने कार्यक्रम पनि रहेको छ। यसका साथै बैशाख उत्सवमा मादले,मारूनी,खैजड़ी,च्याब्रुङ नृत्य,डम्फू अनि लाखे नृत्य प्रस्तुति पनि समावेश गरिने भएको छ। यसरी नै कालेबुङमा गोर्खा गौरव संस्थानद्वारा पहिलो वैशाख सांस्कृतिक शोभा यात्रा सम्पन्न गरिने भएको छ।

**आशा भोंसले अंतिम संस्कार**

सुविख्यात पार्श्व गायिका आशा भोंसलेको अंतिम संस्कार आज साँझ मुंबईको शिवाजी पार्कमा **पूर्ण** राजकीय सम्मानका साथ गरियो। हिजो मुंबईको एक अस्पतालमा 92 वर्षको आयुमा उहाँको निधन भएको थियो। आशा भोसलेको पार्थीव शरीर अन्तिम दर्शनका लागि उहाँको लोअर परेलको कासा ग्रान्डे स्थित आवासमा तिरंगामा लेपेटेर राखिएको थियो।महाराष्ट्रका मुख्य मन्त्री देवेन्द्र फडणवीस महाराष्ट्रका राज्य संस्किति मन्त्री आशीष शेलर अमताभ बच्चन अभिनेत्री आशा पारेख, संगीतकार ए.आर रहमान, सुदेश भौंसले, तब्बू र क्रिकेट खिलाड़ी सचिन तेंदुलकर, मुम्बईका मेयर ऋतु तावड़े र एनसीपीकी नेता सुप्रिया सुले सहित अन्य गणमान्य मानिसहरुले उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभयो।

समाचार कक्षबाट पनि उहाँलाई भावभिनि श्रद्धांजलि।

**बाईट**

सुविख्यात पार्श्व गायिका आशा भोसलेको हिजो निधन भयो। उहाँले 20 भन्दा बढी भाषाहरूमा 12 हजार भन्दा बढी गीतहरूमा आफ्नो आवाज दिनु भएको छ।

आशा ताईले 1943 मा गायन शुरू गर्नुभयो। उहाँको गायनमा संगीतको हर रूप की झलक मिलती है, जिसमें गजल, पॉप और कैबरे शामिल हैं। उहाँको गायनमा संगीतको हरेक रूप झलकन्छ। जसमा गजल, पप र क्याबरे सामेल छन्।

**बाईट**

आज, आशा ताई हामी माझ नरहे पनि, तर उहाँका गीतहरूको समृद्ध विरासत सदैव हाम्रो मन मस्तिष्कमा गुन्जिरहनेछ।

**जलियांवाला बाग**

**राष्ट्रले आज वर्ष 1919 मा पंजाबको अमृतसर स्थित जलियांवाला बागमा ब्रिटिश अधिकारी रेजिनाल्ड डायर द्वारा निर्ममतापूर्वक मारिएका सयौं निर्दोषहरुलाई श्रद्धांजलि अर्पित गरिरहेको छ।** राष्ट्रपति द्रौपदी मुर्मु प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंहले **जलियांवाला बागका बीर शहिदहरुलाई श्रद्धांजलि अर्पित गर्नुभयो।**

**********